दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्भनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ८५ | बुटवल | २०८२ चैत ११ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday March 25, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# ‘०४८ देखि ०८२ का सबै काण्डको छानबिन होस्’

**सभापति थापाले महाधिवेशनको गाडी आफूले हाँकेको र अब त्यो गाडि पछि नहट्ने भन्दै पार्टीको सिंगो पंक्ति महाधिवेशनतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिएका छन् ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले जेनजी आन्दोलन जाँचबुझ आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

केन्द्रीय कार्यसमिति बैठकमा थापाले प्रतिवेदन सार्वजनिक गरी पूर्ण कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराए । उनले गत भदौ २३ र २४ गते भएको नवयुवा विद्रोहका क्रममा भएका मानवअधिकार उल्लंघनका घटनामा संलग्नलाई कारबाही गरिनुपर्ने उल्लेख गरे । घटनाको सत्य अन्वेषण र न्याय निरुपणका लागि अब बन्ने सरकारले समेत पहलकदमी लिनुपर्ने थापाको भनाइ छ ।

सभापति थापाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नेतृत्वमा अब बन्ने सरकारलाई पूर्ण सहयोग गर्ने बताएका छन् । उनले कांग्रेसले चुनाव जितेर सरकार बनाएको भए पनि सबैलाई समेटेर जान ‘टिम नेपाल’को अवधारणा अघि सारेको भन्दै अब पनि रास्वपालाई थप जिम्मेवार भएर सहयोग गर्ने बताए ।

नेपाली जनताले निर्वाचनबाट कांग्रेसलाई विशिष्ट जिम्मेवारी दिएको भन्दै थापाले प्रतिपक्षको भूमिका जिम्मेवार र महत्वपूर्ण हुने बताए । उनले सुशासनका लागि ०४६ पछि ०८२ सम्मका सम्पूर्ण काण्डको छानबिनका लागि कांग्रेसले समर्थन गर्ने र सरकारलाई गति दिन पनि सहयोगी भूमिका निर्वाह गर्ने जनाए ।

‘हामीले प्रतिज्ञापत्रमा भनेका थियौँ- ०८२ देखि ०८७ सम्मको यो अवधि सुशासन प्रवर्द्धन गर्छौं, विकासलाई गति दिन्छौँ, यो ढंगले अघि बढ्छौँ भनेका थियौँ । ०८२ भन्दा अघिको अवधिलाई पनि कसरी हेर्ने भन्ने छ,’ थापाले भने-‘०८२ सम्मको अवधिलाई एउटा कटअफ प्वाइन्ट मानेर टुंग्याउनुपर्छ । ०४६ पछि ०४८ मा सरकार बन्यो त्योदेखि ०८२ सम्म जति पनि सरकारहरू बनेका छन् । यस अवधिमा सार्वजनिक जीवनमा रहेका (सरकारमा बसेका, सार्वजनिक जीवनमा रहेका र सार्वजनिक लाभको पदमा बसेका) सबैको सम्पत्ति छानबिन गर्ने र यदि गलत ढंगको आर्जनको सम्पत्ति छ भने त्यो सबै जफत गर्ने ।”

उनले आफ्नो पार्टीले चुनावअघिको प्रतिज्ञामा जस्तै रास्वपाले पनि ‘बाचापत्र’मा आयोग बनाउने र छानबिन गरी सम्पत्ति जफत गर्ने भनेकाले त्यसमा कांग्रेसले साथ र समर्थन दिने बताए ।

‘हामीले प्रतिज्ञामा भनेका थियौँ सरकार बनाउन पायौँ भने ६ महिनाभित्र सम्पत्ति छानबिन गर्न आयोग बनाउँछौँ, रास्वपाले पनि त्यही भनेको छ,’ थापाले भने-‘रास्वपाको नयाँ बन्ने सरकारले यो आयोग बनाउँछ/बनाउनुपर्छ, हाम्रो साथ पनि रहन्छ ।’

उनले प्रजातन्त्र पुनर्स्थापनापछिको ३५ वर्षमा धेरै उतारचढाव र शासनहरू देखिएको भन्दै सबै परिवर्तन व्यवस्थापकीय कुशलताको अभाव र शासकीय शक्तिको दुरुपयोगमा बितेको बताए । उनले अहिलेको परिवर्तनमा शासकीय शक्ति खेर जानु हुँदैन भनेर कांग्रेसले रचनात्मक भूमिका निर्वाह गर्ने बताए । ०४८ देखि ०८२ सम्मका शासकीय शक्तिको दुरुपयोग विभिन्न काण्डहरूसँग जोडिएको भन्दै ती सबै काण्ड पनि छानबिन हुनुपर्ने बताए । ‘नेपाली कांग्रेसले आफ्नो प्रतिज्ञामा नै भनेको छ । यी काण्डहरू अब सार्वजनिक खपतको विषय हुनुहुन्न, आरोप-प्रत्यारोपमा मात्रै सीमित हुनुहुन्न,’ थापाले भने-‘अब दूधको दूध, पानीको पानी हुनुपर्छ । कुनै पार्टीका अमुक व्यक्तिले यसको भारी बोक्ने पनि होइन । जसले गरेको छ ऊ भागी हुनुपर्छ ।’

उनले नेपाली कांग्रेस प्रस्ट भएर यो विचार बोकेर जानुपर्ने प्रस्ताव पनि केन्द्रीय समिति बैठकमा गरे । गिरिबन्धु, भुटानी शरणार्थी, यति ओम्नी वा भदौ २४ मा नेताका घरमा भेटिएको नोट कुनैमा पनि पूर्वाग्रहरहित छानबिनमा कांग्रेसले सहयोग गर्ने थापाले बताए । कानुनसम्मत र पूर्वाग्रहरहित छानबिनपछि कारबाही पनि हुनुपर्ने उल्लेख गरे ।

‘अख्तियारको दुरुपयोग, नीतिगत भ्रष्टाचार, आर्थिक अनियमिता यी विषयहरूमा विधिसम्मत ढंगबाट, कुनै पूर्वाग्रह नराखिकन निष्पक्ष ढंगबाट यसको अनुसन्धान गर्ने र दोषीमाथि कारबाही गर्ने,’ उनले भने-‘यसका निम्ति संस्थागत सवलीकरण गर्ने विषयमा नेपाली कांग्रेसको पूर्ण साथ रहन्छ ।’ उनले यी विषयमा कांग्रेस एक कदम अघि हुने भन्दै पछाडि पाइला नचल्ने प्रतिबद्धता जनाए । ‘पोलिटिक्सलाई सफा गर्ने कुरामा नेपाली कांग्रेसको यो नेतृत्व पूर्ण रूपमा कमिटेड छ, जहाँ गलत भएको छ, त्यही ठाउँबाट त्यहीँ उभिएर दोषीमाथि सजाय भयो भने मात्र भ्रष्टाचारमुक्त समाज हुन्छ, पारदर्शी राजनीति हुन्छ, जवाफदेही सरकार हुन्छ । होइन भने यी विषय घुमिरहन्छ ।’

उनले यसबाहेक थुप्रै विषय भए पनि ती विषयमा पछि धारणा राख्दै जाने बताए । ‘निजी क्षेत्रका विषय छन्, स्वाथ्यका विषय छन्, शिक्षा क्षेत्रको सुधारका विषय छन् थुप्रै विषयहरू छन् जो हामीले प्रतिज्ञामा भनेका छौँ,’ थापाले भने-‘चाहे विदेशमा बस्ने नेपालीहरूका विषय हुन् चाहे गैरआवासीय नेपालीको अधिकारका विषयमा होस्, संविधानमा लेखिएको दलितको महिलाको अधिकारका यावत् विषयमा हामी सरकारसँग सहकार्य गर्दै जान्छौँ ।’

उनले कतिपय विषयहरूमा सामूहिक छलफलको अवश्यकता रहेको बताए । मध्यपूर्वको तनावले ल्याउने परिणामका विषयमा कांग्रेस जिम्मेवारीमा छैन भनेर नपन्छिने र उचित निकासका लागि सरकारसँग सहकार्य गर्ने थापाले बताए । थापाले आफ्नो पार्टीलाई निर्वाचनभन्दा फराकिलो दायरामा राखेर हेर्नुपर्ने टिप्पणी गरेका छन् ।

मंगलबार पार्टी केन्द्रीय कार्यसमिति बैठकलाई सम्बोधन गर्ने क्रममा उनले आफ्नो पार्टी आउनुभन्दा अघि निर्वाचन नआएको र निर्वाचनमा लड्नकै लागि भनेर मात्रै पनि पार्टी स्थापना नभएको जिकिर गरे ।

» बाँकी २ पेजमा

## ७ मध्ये ५ प्रदेश सभापति पक्षमा



बुटवल । नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा चुनिएको नयाँ केन्द्रीय समितिलाई पुरानो संस्थापननिकट रहेका अधिकांश प्रदेश सभापतिले समर्थन जनाएका छन् । मंगलबारको बैठकमा सातमध्ये ५ प्रदेश सभापति नयाँ कार्यसमितिको पक्षमा खुलेर केन्द्रीय समिति बैठकमै आएर आफ्ना धारणा राखेका छन् ।

पुरानो संस्थापन निकट रहेका बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँ नयाँ केन्द्रीय समितिको बैठकमा सहभागी भएका छन् । उनी बागमती प्रदेशका मुख्यमन्त्री पनि हुन् ।

‘विशेष महाधिवेशनको हामी विपक्षमा थियौँ होला,’ केन्द्रीय समिति बैठकमा उनले भने-‘तर फागुन २१ को निर्वाचनमा डा. शेखर कोइराला, विमलेन्द्र निधि, प्रकाशशरण महत, मीनेन्द्र रिजाल रिजाल, किशोरसिँह राठौरजस्ता विशेष महाधिवेशनको विपक्षमा रहेका नेताहरूलाई कुनै कन्जुस्याइँ नगरी नयाँ नेतृत्वले टिकट दिएको थियो ।’ अब चुनावपछि विवाद गरिरहन जरुरी नभएको उनले बताए ।

सभापति थापालाई अर्को पक्षसँग कुराकानी गर्न पनि सभापति बानियाँले आग्रह गरे । उनले सभापतिले अर्को पक्षसँग कुरा गरेर अदालतको मुद्दा पनि फिर्ता लिने वातावरण बनाउनुपर्ने बताए । सबै मिलेर १५औँ महाधिवेशनतिर एक भएर लाग्नुपर्ने उनको भनाइ छ । अब सबैलाई मिलाउने जिम्मा नयाँ सभापति थापाको काँधमा आएको उनले जनाए ।

यस्तै पुरानो संस्थापनसँगै निकट मानिने मधेश प्रदेश सभापति कृष्णप्रसाद यादवले नयाँ सभापति थापाको पक्षमा सिंगो मधेश उभिएको बताए । पार्टीलाई नयाँ परिस्थितिमा लग्ने हो भने सबै १५औँ महाधिवेशनतर्फ एकढिक्का भएर लाग्नुपर्ने उनले बताए ।

यस्तै कोशी प्रदेश सभापति उद्धव थापाले अहिलेको अवस्थामा सभापति गगन थापाले राजीनामा दिनु उपयुक्त नभएको बताएका थिए । केही दिनअघि उपसभापति विश्वप्रकाश शर्माले अध्यक्षता गरेको बैठकमा उनले अब नयाँ कार्यसमितिकै नेतृत्वमा अघि जानुको विकल्प नभएको बताएका थिए ।

यस्तै गण्डकी प्रदेश सभापति शुक्रराज शर्मा र लुम्बिनीका प्रदेश सभापति अमरसिँह पुन भने विशेष महाधिवेशनदेखि नै सभापति थापाका पक्षमा खुलेका थिए ।

पाँच प्रदेश सभापति नयाँ केन्द्रीय समितिको बैठकमा उपस्थित भएर धारणा राख्दा कर्णाली प्रदेशका सभापति ललितजंग शाही र सुदूरपश्चिम प्रदेश सभापति वीरबहादुर बलायर भने दुवै बैठकमा अनुपस्थित रहेका छन् ।

## रवि प्रधानमन्त्री बन्नुपर्छ : हर्क

बुटवल । श्रम संस्कृति पार्टीका अध्यक्ष तथा नव निर्वाचित प्रतिनिधिसभा सदस्य हर्क साम्पाङले आफूहरू सरकारमा नजाने बताएका छन् ।

काठमाडौंमा पत्रकारसँग कुरा गर्दै उनले जनताले आफ्नो पार्टीलाई सरकारमा जाने म्यान्डेट नदिएको बताएका छन् । उनले आफू म्यान्डेट अनुसार आएको बताए ।

उनले भने-‘जनताले हामीलाई प्रतिपक्षमा बसेर प्रश्न गर्ने म्यान्डेट दिएकोले म्यान्डेटअनुसार काम गर्नेछौँ ।’

सञ्चारकर्मीले देशका लागि राम्रो काम गर्न रास्वपाले सरकारमा बोलाए सहभागी हुने कि नहुने भनी राखेको जिज्ञासामा उनले सरकारमा सहभागी नहुने स्पष्ट पारे ।

उनले राम्रो काम गर्नेलाई श्रम संस्कृति पार्टीको सधैँ साथ र सहयोग हुने बताए । उनले भने-‘हामी राम्रो कामलाई साथ दिन्छौँ, नराम्रो कामको सधैँ विरोध गर्छौँ ।’

उनले रास्वपाबाट बालेन नभई रवि लामिछाने प्रधानमन्त्री बन्नुपर्ने कुरा पनि दोहोऱ्याए ।

सञ्चारकर्मीले राखेको जिज्ञासामा उनले प्रतिपक्षले उठाएको प्रश्नको उत्तर दिन सक्ने मानिस मात्रै प्रधानमन्त्री हुनुपर्ने बताए ।

उनले भने -‘प्रतिपक्षीले सोधेको प्रश्नको उत्तर समय दिएर दिनुपर्छ ।’

उनले श्रम संस्कृति पार्टीलाई अहिले जनताले प्रश्न गर्ने ठाउँमा पुऱ्याएको बताए । उनले भने-‘हामी प्रतिपक्षमा बसेर प्रश्न गर्छौँ । हामीले गरेको प्रश्नको उत्तर समय दिएर दिन सक्ने मान्छे प्रधानमन्त्री हुनपर्छ भनेको हो ।’

उनले चुनाव अगाडि आफू ‘प्रधानमन्त्री हुन्छु’ भनेका विषयमा पनि स्पष्ट पारे ।

उनले भने -‘केपी ओलीले पनि भनेको हो । गगन थापाले पनि भनेको हो । कुलमानजीले पनि भनेको हो । हर्क साम्पाङले पनि प्रधानमन्त्री बन्छु भनेर भनेको हो ।’

अहिले जनताको मतभन्दा हर्क साम्पाङको बोली ठुलो नभएको बताए । उनले भने-‘जनताले प्रधानमन्त्री बनाउने मत दिएनन् । मेरो बोलीले प्रधानमन्त्री हुने कुरा भएन ।’

उनले लहर र लहडमा आफूहरूलाई जनताले मत नदिएको बताए । उनले भने-‘हामीलाई किन प्रधानमन्त्री बनाउने मत आएन त्यो जनतालाई नै सोध्नुपर्छ ।’ उनले जनताभन्दा माथि आफू नरहेको प्रतिक्रिया दिएका छन् ।

## जेल ब्रेक अभियोग लाउनुपर्ने रविको मुद्दा फिर्ता बदनीयतपूर्ण : वरिष्ठ अभिवक्ता



बुटवल । रवि लामिछानेमाथिको संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा फिर्ता लिने महान्यायाधिवक्ता कार्यालयको निर्णयविरुद्धको मुद्दामा सर्वोच्चमा सुनुवाइ जारी छ ।

बहस गर्दै रिट निवेदक वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारीले महान्यायाधिवक्ताको काम मुद्दा अभियोजन गर्ने, तर फिर्ता लिने नभएको जिकिर गरे । अदालतको क्षेत्राधिकारमा प्रवेश गरिसकेको विषयमा महान्यायाधिवक्ताको कार्यालयले हस्तक्षेप गर्न नमिल्ने उनको तर्क छ ।

उनले भने-‘एउटा महान्यायाधिवक्ताले अनुसन्धान गरेर पुरक अभियोग पनि दर्ता गरेको अवस्थामा अर्कोले त्यसलाई फिर्ता लिन सक्दैन । जेल ब्रेकको अभियोगमा मुद्दा चलाउनुपर्ने व्यक्तिका अरु मुद्दा पनि फिर्ता लिन खोज्नु बदनीयतपूर्ण देखियो श्रीमान !’

भण्डारीले जेमा पनि राजनीतिक प्रतिशोध भन्न नमिल्ने जिकिर गरे ।

उनले थपे-‘भोलि अदालतकै आदेशमा प्रतिशोध भनिँदैन भन्ने के ग्यारेन्टी ? मुद्दा फिर्ता लिने निर्णय सदर भए अदालतको क्षेत्राधिकारमा महान्यायाधिवक्ताको हस्तक्षेप ठहर्छ ।’

रवि लामिछाने भदौ २४ गते जेन-जी आन्दोलनको मौका छोपेर जेलबाट बाहिर आएका थिए । तर रवि जस्तै केही हाइ प्रोफाइल कैदी भने जेलमै रहेका थिए । जेलबाट बाहिर निस्कंदा रविले रुफ टप गाडीमा उभिएर विजय उत्सव मनाएको शैलीमा प्रस्तुत भएका थिए । उनको उक्त व्यवहारको चर्को आलोचना भएको थियो ।

## जनहितमा जारी सन्देश

**बन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी**
**डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.) को अत्यन्त जरुरी सूचना**

सुख्खा खडेरी तथा गर्मीको समयमा बन जङ्गलमा डढेलो लाग्ने प्रवल सम्भावना रहन्छ । यसले हाम्रो प्राकृतिक सम्पदा क्षण भरमै नष्ट भै वातावरणीय सन्तुलनमा ठूलो असर पुग्ने, पानीका मुहान सुक्ने, भू-क्षय हुने, वायुमण्डलमा कार्बन उत्सर्जन हुन गई जलवायू परिवर्तनमा असर पुग्ने र गाउँवस्ती समेतमा डढेलो फैलिन गई जनधनको ठूलो क्षती हुन सक्छ ।

तसर्थ

- आ-आफ्नो वरिपरिको वन डढेलो लाग्न सक्ने क्षेत्र पहिचान गरी सो क्षेत्रमा विशेष निगरानी राखौं । - वन जङ्गल तथा मानिस आवात जावत गर्ने बाटो घाटो सडकको दायाँ वायाँ रहेको पातपतिङ्गर नियमित रुपमा हटाऔं ।
- सलाई लाईटर जस्ता प्रज्वलनशिल वस्तु केटाकेटीहरुको पहुँचबाट टाढा राखौं । त्यस्ता वस्तु लिएर वन जङ्गल प्रवेश नगरौं ।
- पिकनिक वनभोज जाँदा आगो बालेपछि आगो निभाएर मात्र छोडौं । वन जङ्गल छेउछाउबाट हिड्दा वा यात्रा गर्दा चुरोट विंडीका ठुटाहरु नफालौ ।
- वन क्षेत्र भित्र आवश्यकता अनुसार अग्नीरेखा निर्माण र सो को नियमित सरसफाई गरौं । -वन उपभोक्ता समूहले अग्नी नियन्त्रकको व्यवस्था गरी वनको नियमित अनुगमन गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाऔं ।
- अग्नी निरोधक सामाग्रीको उचित व्यवस्थापन गरी तयारी अवस्थामा राखौं ।
- खरबारीमा राम्रो घाँस पलाउने, वनमा च्याउ उम्रने, घरछेउबाट वन्यजन्तु भगाउने, वन्यजन्तुको शिकार गर्ने, अरिङ्गाल पोल्ने, जङ्गली मौरीको मह काढ्ने जस्ता सोच राखी डढेलो लगाउने प्रवृति विगतका वर्षहरुमा देखिएकोले यस्तो गैह्र कानूनी कार्य नगरौं नगराऔं ।
- वन जङ्गलसँग जोडिएको खेतबारीमा कृषि वालीका ठुटाकुटी, भिंगटा वाली सकेपछि आगो निभाएर मात्र छोडौं ।
- बन जंगलमा डढेलो लाग्न नदिऔं, लागि हालेमा सबै मिलि जुटाई तुरुन्त निभाऔं । खरबारीमा राम्रो घाँस पलाउने, वनमा च्याउ उम्रने, घर छेउबाट वन्यजन्तु भगाउने, वन्यजन्तुको शिकार गर्ने, अरिङ्गाल पोल्ने, जङ्गली मौरीको मह काढ्ने जस्ता सोच राखी डढेलो लगाउने प्रवृति विगतका वर्षहरुमा देखिएकोले यस्तो गैह्रकानूनी कार्य नगरौं नगराऔं ।
- वनमा डढेलो लगाउने कार्य वन ऐन २०७६ बमोजिम फौजदारी कसूर भएको हुँदा त्यस्तो कार्य गर्नेलाई सोही ऐनबमोजिम क्षतिको विगो असुल उपर गरी ६०(साठी)हजार रुपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैद हुने भएकोले त्यस्तो कार्य कसैले नगरौं नगराऔं ।
- आगलागीबाट आफू पनि बचौ अरुलाई पनि बचाऔं ।
- आ-आफ्नो क्षेत्रमा आगलागी भएको जानकारी भएमा नजिकको वन कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीमा खबर गरौं ।

**आगलागीबाट बचौं र बचाऔं, वन्यजन्तु र प्राकृतिक सम्पदाको संरक्षण गरौं ।**

**डिभिजन वन कार्यालय**
**नवलपरासी, (ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल**

# सम्पादकीय

## बधशाला चलाऊ

राज्यको करोडौं लगानी भएको बुटवल बधशाला अहिले बन्द छ। सार्वजनिक निजी साझेदारी मोडलमा चलाउने पूर्व प्रतिबद्धता त्यागेर बुटवल उप-महानगरपालिकाले एउटा निजी कम्पनीलाई बधशाला सञ्चालनको जिम्मेवारी दियो। बधशाला सञ्चालन बारे उप-महानगरपालिका, किसान र मासु व्यवसायीबिचको विवादले बधशाला सञ्चालनको जिम्मेवारी पाएको कम्पनीले बधशाला सञ्चालन गर्न सकेन्। अहिले बधशाला सञ्चालनको जिम्मेवारी पाएको मुक्तिनाथ लाइभस्टक प्रालि अहिले उप-महानगरपालिकाबाट क्षतिपूर्ति माग गर्दै अदालत गएको छ। अदालतमा विचाराधीन विषय भन्दै पन्छाउनुको साटो सञ्चालनको मोडालिटी तयार गर्न उप-महानगरपालिकाले पहलकदमी लिनुपर्छ । सम्भवतः अदालतबाट यो विषयको टुंगो छिटो लाग्नेछ।

बुटवल उप-महानगरपालिका–१० रामनगरमा २ बिघा ३ कठ्ठा क्षेत्रफलमा निर्माण भएको बधशाला तीन वर्षअघि २३ करोड ९६ लाखमा निर्माण सम्पन्न भएको हो । यो बधशालामा दैनिक एक हजार खसीबोका बध गर्न मिल्छ। बाख्राको चरन, होल्डिङ सेन्टर, पशु स्वास्थ्य जाँच, सुरक्षा कक्ष, फोहर प्रशोधन केन्द्र, हरियाली उद्यान र बगैँचासहितको यो बधशाला नेपालकै नमूना आयोजना हो।

यो आयोजना सञ्चालन नहुँदा आयोजनाले परिकल्पना गरेको लक्ष्य हासिल हुन सकेन् । आयोजनाले नतिजा दिन नसकेपछि नागरिकको करबाट खर्च हुने बजेटमाथि प्रश्न उठ्नु स्वभाविकै हो। नागरिकले तिरेको करबाट बजेट विनियोजन र खर्च हुन्छ। नागरिकको हितको लागि बन्ने आयोजनाले उचित प्रतिफल दिन सक्नुपर्छ। सार्वजनिक निजी साझेदारी मोडलबाट चलाउने सहमतिलाई खारेज गरेर एउटा कम्पनीले व्यवस्थित ढंगले चलाउँछ भन्ने आँकलन फेल भएको छ। अब बधशाला छिटो चलाउन उप-महानगरपालिकाले पहलकदमी लिनुपर्छ। यो कसैको हार वा जितको विषय नभएर राज्यको जिम्मेवारीको विषय हो, नागरिकप्रति जवाफदेही हुनु हो । अब उप-महानगरपालिकाले बधशालाको दिगो सञ्चालनका लागि पहलकदमी लिनुपर्छ।

राज्यको २३ करोड लगानी भएको बधशाला अलपत्र पर्दा आगामी दिनमा यस्ता आयोजनामा हुने लगानीबारे प्रश्न उठ्नु राम्रो होइन् । लगानी गर्न हच्किनुपर्ने देखियो । उप-महानगरपालिका स्थानीय सरकार हो, घरदैलोको सरकारले वस्तुगत अवस्था बुझेर अघि बढ्दा जित स्थानीय सरकारकै हुन्छ।

# बालेनको उदयसँगै जनताको अपेक्षा, रास्वपाको चुनौती र अवसर



**इन्द्र भुसाल**

समकालीन नेपालको राजनीतिक परिदृश्य यतिबेला सङ्क्रमणको एक निर्णायक मोडमा उभिएको छ। हालै सम्पन्न निर्वाचनले केवल सरकार गठनको मार्ग प्रशस्त मात्र गरेको छैन, यसले जनमानसमा गहिरो रूपमा जरा गाडेर बसेको परिवर्तनको आकाङ्क्षालाई पनि स्पष्ट रूपमा उजागर गरेको छ। देशका अधिकांश निर्वाचन क्षेत्रका नागरिकले विवेकपूर्ण ढङ्गले मतदान गरेकाछन् । लामो समयदेखि सत्ता सञ्चालन गर्दै आएका परम्परागत राजनीतिक शक्तिहरूप्रति बढ्दो निराशा, असन्तोष र वितृष्णाको परिणाम स्वरूप जनताले नयाँ विकल्प रोजेका छन्। यही परिवेशमा बालेनको उदय र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को विस्तारलाई बुझ्नुपर्छ ।

२०८२ भाद्र २३ र २४ मा भएको जेन-जी आन्दोलन, प्रतिनिधिसभाको विघटन तथा निर्वाचनको मिति तोकिएता पनि निर्वाचन हुने या नहुने अवस्थाबिच रवि लामिछानेको त्याग र बालेन्द्र शाहको राष्ट्रिय स्वतन्त्र पार्टीमा भएको प्रवेशलाई देशको आर्थिक तथा सामाजिक विकासको कोसेढुङ्गाका रूपमा विश्व समक्ष प्रस्तुत गर्ने अवसरका रूपमा लिन सकिन्छ। यस ऐतिहासिक घडीमा हामी सबै नेपालीले एकताबद्ध भई साथ, सहयोग र खबरदारीका साथ अघि बढ्नुपर्ने आवश्यकता बोध भएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीको उदय कुनै संयोग मात्र होइन; यो नेपाली जनताको जनचेतनाको परिपक्व अभिव्यक्ति हो। जनताले अब केवल अनुहार परिवर्तन होइन, व्यवहार र राजनीतिक संस्कारकोपरिवर्तन खोजिरहेका छन् । उनीहरू राजनीतिक भाषणभन्दा कार्यसम्पादनमा विश्वास गर्न थालेका छन् । यही कारणले गर्दा बालेनजस्ता स्वतन्त्र छविका नेतृत्व र रास्वपाजस्ता नयाँ राजनीतिक शक्तिहरूले जनताको विश्वास जित्न सफल भएका हुन् ।

नेपालमाबालेनको उदयलाई केवल एक व्यक्तिको लोकप्रियताको रूपमा सीमित गरेर हेर्न मिल्दैन। उनको उदय वास्तवमा पुरानो राजनीतिक संस्कृतिविरुद्धको मौन विद्रोह थियो। दशकौँदेखि नेपाली राजनीतिमा स्थापित हुँदै आएको शक्ति केन्द्रित सोंच, भागबण्डा, नातावाद र भ्रष्टाचारको विरुद्धमा जनताले दिएको एउटा सशक्त सन्देश थियो। यो परिवर्तित अभिमत राजनीति सेवा केन्द्रित हुनुपर्छ, सत्ता केन्द्रित होइन भन्ने ज्वलन्त उदाहरण पनि हो। नेपालका पुराना राजनीतिक दलहरूले लोकतन्त्रलाई व्यवहारमा पूर्णरूपमा कार्यान्वयन गर्न नसकेको आम नागरिकले अनुभूति गरे । लोकतन्त्रको नाममा शासन चलाइए पनि त्यसको आत्मा, पारदर्शिता, उत्तरदायित्व र विधिको शासन कमजोर हुँदै गएको मूल्याङ्कन गरियो । बिगतका निर्वाचनमा नागरिकले दिएका मतलाई केवल चुनावी अङ्क गणितमा मात्र सीमित गरियो । परिणामस्वरूप शासन प्रणालीप्रति जनविश्वास कमजोर बन्दै गयो ।

यही कमजोर विश्वासको खाली ठाउँमा नयाँ आशाको पालुवा पलायो, जसको प्रतिनिधित्व बालेन र रास्वपाले गरेका छन् । यसपटकको निर्वाचनको जनादेशले केवल राजनीतिक परिवर्तनको ढोका मात्र खोलेको छैन; यसले शासनशैलीमा आमूल परिवर्तनको अपेक्षा पनि व्यक्त गरेको छ। वास्तवमा जनताले सुशासन, पारदर्शिता, जवाफदेहिता र आर्थिक रूपान्तरणको स्पष्ट माग गरेका छन् । यसले विशेषगरी युवाहरूले देशमै अवसर खोजिरहेका छन् भन्ने कुरा देखाउँछ। विदेश पलायनको बाध्यता घटाउने, नेपालमै रोजगारी सिर्जना गर्ने र स्वदेशमै सम्मानजनक जीवनयापन सुनिश्चित गर्ने अपेक्षा अहिलेको राजनीतिक नेतृत्वसामु रहेको प्रमुख चुनौती रहेको छ।

यसपटको निर्वाचनको नतिजाले रास्वपाका लागि अद्वितीय अवसरसँगै ठुलो जिम्मेवारीको भारि पनि बोकाइदिएको छ। जनताले दिएको विश्वासलाई नीतिगत




सुधार, प्रभावकारी कार्यान्वयन र दिगो विकासमा रूपान्तरण गर्नु अबको रास्वपाको मुख्य जिम्मेवारी हो। चुनावी अभियानका क्रममा गरिएका प्रतिबद्धताहरूलाई व्यवहारमा उतार्ने कुरा सबैभन्दा ठुलो चुनौती रास्वपालाई आएको छ । भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार, सेवा प्रवाहको प्रभावकारिता र कानुनी शासनको सुदृढीकरण अब केवल बिगतका बकवास नारा र भाषणजस्तै नभई कार्यान्वयनको विषय बन्नुपर्छ भन्ने आम नेपाली नागरिकको आशा, उद्देश्य र सङ्कल्प छ। तर यथार्थ के हो भने देशमा व्याप्त सबै समस्या एकै पटक समाधान हुन सक्दैनन्। भ्रष्टाचार, अन्याय र अत्याचारजस्ता गहिरा जरा गाडेका समस्याहरूको समाधान गर्न क्रमिक र दीर्घकालीन प्रक्रियाबाट मात्र सम्भव हुन्छ। त्यसैले रास्वपाले यथार्थवादी योजनालाई प्राथमिकताका आधारमा अघि बढाउनु पर्नेछ। जनअपेक्षालाई व्यवस्थापन गर्दै, देशमा उपलब्ध स्रोतसाधन र क्षमताको उचित प्रयोग गर्नु नै सफलताको आधार बन्न सक्छ। नेपालको आर्थिक रूपान्तरणका लागि कृषि, पर्यटन, जलविद्युत् र सूचना प्रविधि जस्ता क्षेत्रहरूलाई रणनीतिक रूपमा विकास गर्नुपर्ने आवश्यकता पनि छ। यी क्षेत्रहरूमा दीर्घकालीन लगानी र नीतिगत स्थिरता सुनिश्चित गर्न सकेमा रोजगारी सिर्जना, आयवृद्धि र आर्थिक विस्तार सम्भव छ भन्ने कुरामा द्विविधा छैन । त्यसैगरी अन्तर्राष्ट्रिय क्षेत्र र निजी क्षेत्रसँग सहकार्य गर्दै लगानीमैत्री वातावरण निर्माण गर्नु अहिलेको अपरिहार्य आवश्यकता हो । विकासका विभिन्न योजनाहरू कार्यान्वयन गर्दा राजनीतिक स्थिरता र प्रशासनिक दक्षता अत्यन्त आवश्यक हुन्छ। अहिलेको अवस्थामा देखिएका संरचनागत जटिलता, प्रशासनिक ढिलासुस्ती र पुराना अभ्यासहरू नै सबैभन्दा ठूला अवरोध हुन्। नयाँ नेतृत्वले यी अवरोधहरूलाई चिर्दै स्पष्ट दृष्टिकोण, दृढ इच्छाशक्ति र संस्थागत सुधार गर्नु अपरिहार्य छ।

रास्वपा र नेपालको राजनीतिमा समेत बालेनको उदयसँगै एउटा नयाँ राजनीतिक संस्कृतिको बहस सुरु भएको छ। यो संस्कृतिले राजनीति र नैतिकतालाई जोड्ने प्रयास गर्दै जनताको विश्वासलाई केन्द्रमा राख्न सक्नु पर्दछ। अब राजनीति केवल सत्ताको खेल होइन; यो उत्तरदायित्वको अभ्यास बन्नुपर्छ । जनताको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने निर्णयहरू पारदर्शी र न्यायपूर्ण हुनुपर्छ । विशेष गरी विधिको शासन स्थापित गर्ने सवाल अत्यन्त महत्वपूर्ण छ। नेपालमा न्याय र समानताको लागि धेरैले बलिदान दिएको इतिहासले देखाएको छ । ती बलिदानहरूलाई सम्मान गर्दै, कानुनको समान कार्यान्वयन सुनिश्चित गर्नु राज्यको प्रमुख कर्तव्य हो । यदि विधिको शासन बलियो बनाउन सकिएन भने कुनै पनि राजनीतिक परिवर्तन दीर्घकालीन हुन सक्दैन । यस सन्दर्भमा रास्वपाले आफ्नो प्राथमिकता स्पष्ट राख्नुपर्छ । संवेदनशील विषयहरूजस्तै-संविधान संशोधन, प्रदेश सरकारजस्ता विषयमा हतार गरी निर्णय गर्नु किमार्थ बुद्धिमानी हुनेछैन । संविधान कुनै साधारण दस्तावेज होइन; यो राष्ट्रको साझा सहमतिको मूल कानुनको आधार पनि हो । यसमा परिवर्तन गर्दा व्यापक संवाद, सहमति र परिपक्वता आवश्यक हुन्छ । त्यसैले अहिलेको अवस्थामा रास्वपाले आफ्नो ऊर्जा सुशासन, सेवाप्रवाहमा सुधार भ्रष्टाचार नियन्त्रण र आर्थिक विकासमा केन्द्रित गर्नु नै उपयुक्त छ । फेरि पनि बिगतलाई बिर्सेर राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिशोधको राजनीति अँगाल्ने हो भने जनताबाट प्राप्त यो अभिमत अभिशापमा परिणत हुन धेरै दिन लाग्ने छैन । तर अब बन्ने सरकारले स्वतन्त्र र जिम्मेवार स्वरूपमा अघि बढेर काम गर्न सकेमा यो जनादेश राष्ट्रका लागि वरदान सावित हुनेछ । संविधान संशोधनजस्ता विषयहरूलाई राजनीतिक लाभको साधन बनाउने प्रवृत्तिबाट टाढा रहनु आवश्यक छ।

जनताले अहिले अपेक्षा गरेका आधारभूत विषयहरू-भ्रष्टाचारको अन्त्य, पारदर्शी शासन प्रणाली, रोजगारी सिर्जना र न्यायपूर्ण समाज नै हुन् । प्राथमिक आवश्यकताहरू पूरा नगरी संवेदनशील विषयहरूमा प्रवेश गर्नु अपरिपक्कता पनि हुनसक्छ । प्रतिनिधि सभामा नयाँ पुस्ताको सक्रिय सहभागिता अहिलेको सकारात्मक पक्ष हो। अधिकांश शिक्षित, ऊर्जाशील र सक्षम युवाहरू प्रतिनिधिसभामा प्रवेश गरिरहेका छन् । नेतृत्वमा निष्पक्षता र दूरदर्शिता कायम गर्दै योग्य व्यक्तिलाई सही जिम्मेवारी र जवाफदेहिता दिइयो भने परिवर्तनको सम्भावनालाई बलियो बनाउँदै परिणाममुखी शासन व्यवस्थाको जग बसाल्न सकिन्छ । राजनीतिमा प्रवेश गर्न परम्परागत बाटो अनिवार्य छैन भन्ने सन्देश युवाहरूलाई बालेनको उदयले दिएको छ । इमान्दारी, दक्षता र जनप्रतिबद्धताले पनि नेतृत्व स्थापित गर्न सकिन्छ भन्ने प्रमाण निर्वाचनको नतिजाले देखाएको छ । यो सन्देशले नेपालको राजनीतिक संस्कृतिमा दीर्घकालीन प्रभाव पार्न सक्छ। तर चुनौतीहरू अझै गम्भीर छन्। जनताले अबको सरकारसँग राखेका अपेक्षाहरू पनि अत्यन्त न्यायोचित, औचित्यपूर्ण र समयसापेक्ष छन् । ती अपेक्षाहरू पूरा गर्न सकिएन भने निराशा झन् गहिरो हुन सक्छ। त्यसैले रास्वपाले जनतासँग यथार्थपरक संवादका साथ काम गर्न सक्नु पर्छ। दीर्घकालीन सम्भावना र सीमाहरू स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्छ । पारदर्शिता केवल प्रशासनमा होइन, राजनीतिक व्यवहारमा पनि देखिनु पर्छ। नयाँ राजनीतिक संस्कृतिको निर्माण एकै दिनमा सम्भव हुँदैन । यो निरन्तर अभ्यास, आत्ममूल्याङ्कन र सुधारको प्रक्रिया हो। बालेनको उदयले यस प्रक्रियाको सुरुवात गरेको छ, तर यसलाई संस्थागत रूप दिन अझै बाँकी छ।

बालेनको उदय र विस्तारलाई नेपालको राजनीतिक इतिहासमा एउटा महत्वपूर्ण मोडका रूपमा लिन सकिन्छ। रास्वपाको बालेन्द्र साहको प्रधानमन्त्रीको सपथसँगै सिंगो मदेश राष्ट्रिय राजनीतिमा एकीकरण हुने अपेक्षा गर्न सकिन्छ।यो मोडले महत्वपूर्ण अवसरका साथ साथै चुनौती पनि साथसाथै लिएर आएको छ । यो अवसरलाई सही रूपमा उपयोग गर्न सकियो भने नेपालको राजनीतिक र आर्थिक भविष्यमा नयाँ अध्याय सुरु हुन सक्छ।

तर यदि यो अवसर गुमाइयो भने, जनताको विश्वास पुनः प्राप्त गर्न असम्भव हुनेछ। त्यसैले अहिलेको आवश्यकता स्पष्ट नयाँ सोंच, नयाँ व्यवहार र जिम्मेवार नेतृत्वसँग जोडिएको छ। रास्वपाका लागि यो समय अग्निपरीक्षा हो। जनताले दिएको जनादेशलाई सम्मान गर्दै, सुशासन, आर्थिक सुधार र समावेशी विकासलाई प्राथमिकतामा राख्न सकेमा मात्र यो विश्वास कायम रहन सक्छ। अन्त्यमा, परिवर्तनको यात्राले धैर्यता, प्रतिबद्धता र निरन्तर प्रयासको माग गर्दछ। देशमा व्याप्त सबै समस्या निश्चित रूपमा एकै पटक समाधान हुन सक्दैनन्, तर नेतृत्वले सही दिशा, सही नेतृत्व र सही नीति दिन सक्यो र कार्यान्वयनको पक्षलाई पनि सशक्त बनाउँदै लग्यो भने अवश्य पनि परिवर्तन सम्भवछ र नेपालमा नयाँ बिहानीको सुरुवात हुन्छ।

(लेखक न्यू होराइजन कलेजका प्राध्यापक हुन्)

# नेप्से परिसूचक २३ अङ्कले बढ्यो



काठमाडौँ । यो साता कारोबारको लगातार तेस्रो दिन मंगलबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा वृद्धि भएको छ। नेप्से परिसूचक २३ दशमलव ८३ अङ्कले बढेर दुई हजार ९६० दशमलव ४० को बिन्दुमा पुगेको छ।

३४१ कम्पनीको तीन करोड ५८ लाख २२ हजार १९१ कित्ता शेयर एक लाख २६ हजार ९४७ पटक खरिद-बिक्री हुँदा रु १४ अर्ब ८३ करोड ९१ लाख ८३ हजार ६४३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा बैङ्किङ शून्य दशमलव ६७, विकास बैङ्क एक दशमलव ३८, वित्त शून्य दशमलव ५१, जलविद्युत् एक दशमलव ३२, लगानी शून्य दशमलव ११, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८६, म्युचुअल फन्ड शून्य दशमलव २५ र व्यापार समूह नौ दशमलव १२ प्रतिशतले बढेको छ । अरू सबै समूहको उपसूचक घटेको छ । जलविद्युत् शून्य दशमलव १७, जीवन बिमा शून्य दशमलव ३७, लघुवित्त शून्य दशमलव ४६, निर्जीवन बिमा शून्य दशमलव ३८ र अन्य समूह शून्य दशमलव १६ प्रतिशतले घटेको छ।

सलपा विकास बैङ्क लिमिटेड र रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ५६ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै रादी विद्युत् कम्पनी लिमिटेडको रु ६७ करोड ४३ लाख ८४ हजार ३४१ बराबरको खरिद-बिक्री भएको छ।

कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रमोटर शेयर २० लाख २७ हजार ९९२ कित्ता किनबेच भएको नेप्सेले जनाएको छ।

०४८ देखि...

‘के निर्वाचन नै सबै कुरा हो ? के निर्वाचनको केही सन्दर्भ २०७४ को प्रतिकूल अवस्था पनि हामीले व्यहोरेकै हो,’ थापाले भने-‘नेपाली कांग्रेस पार्टी स्थापना भएको बेलामा त कुनै बेला निर्वाचन हुन्छ, निर्वाचनमा जित्छौं भनेर पार्टी स्थापना भएको पनि होइन, हाम्रा पार्टीका नेताहरूले पार्टी बनाउने बेलामा त। यो पार्टी निर्वाचनभन्दा फराकिलो छ।’ उनले पार्टी आएको र पार्टी आएपछि मात्रै निर्वाचन आएको टिप्पणी गरे। कांग्रेसले त्यो विषयलाई फराकिलो दायरामा राखेर हेर्नुपर्ने पनि बताए।

‘यो पार्टी आयो र पार्टी आएपछि निर्वाचन आएको हो नि त । निर्वाचन लड्नका लागि पार्टी आएको होइन नि त। हामी आयौं र हामीले निर्वाचन हुने पद्धति स्थापना गरेका हौं,’ सभापति थापाले भने-‘नेपाली कांग्रेसले त्यो फराकिलो दायरामा राखेर आफूलाई हेर्नुपर्नेछ। तर, हामी यसरी आएका हौं र जे छ त्यो ठिक छ भनेर हुँदैन। पार्टीभित्र व्यापक सुधार आवश्यक छ।’

थापाले अब पार्टीको सिंगो पंक्ति महाधिवेशनतर्फ केन्द्रित हुनुपर्ने बताएका छन्। उनले महाधिवेशनको गाडी आफूले हाँकेको र अब त्यो गाडि पछि नहट्ने जिकिर गरे।

अब हुने महाधिवेशनमा सहभागी हुने क्रममा को विशेष महाधिवेशनमा सहभागी भयो वा को भएन भन्ने कुरालाई लिएर मनमा राख्न नहुने पनि बताए।

‘एउटा विशिष्ट अवस्थामा विशेष महाधिवेशन भयो । त्यो विशेष महाधिवेशनबाट नयाँ नेतृत्व आयो । हामीले निर्वाचनमा भाग लियौं। विशेष अधिवेशन अगाडि, पछाडि कसले भाग लियो कसले लिएन भन्ने कुरा सकियो।’- उनले भने।

महाधिवेशनमा कसैलाई पनि पूर्वाग्रहको रुपमा हेर्न नहुने र आफूले सबैलाई सहभागी गराएर अघि बढ्ने सभापति थापाको भनाइ छ।

‘मैले सभापतिको रुपमा गाडी हाँकेको छु। अब यो गाडी रोकिंदैन । मैले भनेँ, यो गाडीमा अब को विशेष अधिवेशनमा हुनुहुन्थ्यो र को हुनुहुँदैन थियो भन्ने कुराबाट कुनै पूर्वाग्रह पनि हुँदैन,’ सभापति थापाले भने-‘मैले उपसभापति र केही नेताहरूसँग आग्रह पनि गरेको छु। हामी सबैलाई सहभागी गराएर त्यसलाई अघि बढाएर लैजान्छौं।’

सभापति थापाले जसले निर्वाचनमा मत मागेनन्, उनीहरुलाई विशेष महाधिवेशनको महत्व थाहा नहुने दाबी गरेका छन्। थापाले आफ्नो जवाफदेहिता ठानेर राजीनामा दिएको, तर अस्वीकृत भएपछि जिम्मेवारी वहन गर्न तयार भएको बताएका हुन्।

‘जसले मत माग्नुभएन, वा भोट हाल्न जानुभएन उहाँहरुलाई थाहा हुने कुरा भएन,’ सभापति थापाले भने-‘जो साथी लाग्नुभयो उहाँहरुको सुझाव मेरो लागि शिरोधार्य हुने नै भयो।’ जो निर्वाचनमा खटिएर लागे उनीहरूको सुझावका आधारमा जिम्मेवारीमा फर्किएको उनले बताए।

आफूले राजीनामा स्वीकृत होस् नै भन्ने चाहेको पनि उनले जनाए। उनले भने-‘मैले गरेको निर्णय र निर्णयपछिको अर्को निर्णयले यो अध्याय सकियो।’ आफूले निर्वाचन लगत्तै राजीनामा दिन चाहे पनि केही प्राविधिक कारणले आफू रोकिएको सभापति थापाले बताए।

‘विशेष महाधिवेशनपछि सभापतिको निर्णयको आधारमा निर्वाचनका प्रक्रिया पूरा गर्ने मेरो कर्तव्यभित्रको कुरा थियो। ३ गते मैले सबै काम टुंग्याएर राजीनामा दिएको थिएँ।’- सभापति थापाले भने।

थापाले आफूले कुनै हतार र हतासमा आएर राजीनामा नदिएको प्रष्ट पारे। उनले पार्टीको विधान अनुसार आफूले उपसभापति विश्वप्रकाश शर्मासमक्ष राजीनामा पेश गरेको जिकिर गरे।

‘फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनको परिणामको जिम्मेवारी लिएर उपसभापति विश्वप्रकाश शर्मासमक्ष आफ्नो राजीनामा प्रस्तुत गरेको थिएँ,’ थापाले भने-‘नेपाली कांग्रेस पार्टीको विधानको व्यवस्था यही हो। सभापतिले राजीनामा दिन चाहेमा उपसभापतिसमक्ष दिने र उपसभापतिले केन्द्रीय समितिमा प्रस्तुत गर्ने। यसमाथि छलफल पनि भइसकेको छ।’

उनले यो कुनै दबाब र ग्लानीको विषय नभएको भन्दै जवाफदेहीतालाई ध्यानमा राख्दै राजीनामा दिएको बताए।

‘मैले कुनै हतारोमा आएर राजीनामा दिएको पनि होइन । हतास भएर राजीनामा दिएको पनि होइन । विशेष महाधिवेशन नगरी निर्वाचनमा गएका थियौं भने त्यो निर्वाचनमा हामीले कसरी सामना गर्नुपर्थ्यो भन्ने कुरा निर्वाचित भएका र हामी निर्वाचित नभएकाले पनि बुझेका छौं।’-थापाले भने।

साथै, उनले विशेष महाधिवेशन गरेर कमजोरी गऱ्यौं कि भन्ने कुरामा अलमलिएर आफू राजीनामाको निर्णयमा नपुगेको स्पष्ट पारे। ‘विशेष महाधिवेशन गरेर कहिंकतै कमजोरी गऱ्यौं कि भन्ने कुराको बारेमा एक क्षण पनि अलमलिएर यो निर्णयमा पुगेको थिइनँ,’ उनले भने-‘कुनै दबाबबाट पनि यो निर्णयमा पुगेको थिइनँ।’

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले १५औँ नियमित महाधिवेशनको प्रस्ताव गरेका छन्।

मंगलबार बसेको केन्द्रीय कार्यसमिति बैठकमा सभापति थापाले सो प्रस्ताव गरेका हुन्। चैत्र २१ देखि महाधिवेशन कार्यक्रम सुरु गरी २०८३ भदौ २४ देखि २६ गते सम्पन्न गर्ने सभापति थापाले प्रस्ताव गरेका हुन्।

# ग्लोबल आइएमई बैंक र तिलगंगा आँखा प्रतिष्ठानबिच सहकार्य

बुटवल । ग्लोबल आइएमई बैंक लिमिटेड र तिलगंगा आँखा प्रतिष्ठानबिच आर्थिक रुपमा कमजोर, जेष्ठ नागरिक तथा विपन्न वर्गका नागरिकहरुमा मोतिबिन्दुको पहिचान गरी निःशुल्क शल्यक्रिया गर्नेसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।

बैंकको कर्पोरेट कार्यालय कमलादीमा मंगलबार आयोजित एक समारोहमा बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्रा. डा. सन्दुक रुइटको उपस्थितिमा उक्त समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र प्रतिष्ठानका प्रमुख कार्यकारी अधिकृत डा. रीता गुरुङले हस्ताक्षर गरेका छन् ।

समझदारी अनुसार, तिलगंगा आँखा प्रतिष्ठानले ग्लोबल आइएमई बैंकको वित्तीय सहयोगमा सातै प्रदेशका सात स्थानमा आर्थिक रुपमा कमजोर, जेष्ठ नागरिक तथा विपन्न वर्गका नागरिकहरुको निःशुल्क रुपमा मोतिबिन्दुको पहिचान गरी शल्यक्रिया गर्ने छ ।

साथै, विद्यालयमा अध्ययनरत आर्थिक रुपमा कमजोर तथा विपन्न छात्रा/छात्रहरुको आँखा परिक्षण गरी आवश्यकता अनुसार निःशुल्क रुपमा चस्मा वितरण गरिने समेत समझदारी भएको छ ।

हस्ताक्षर समारोहमा सम्बोधन गर्दै अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकले आफ्नो स्थापनाकालदेखि नै नाफाको एक हिस्सा समाजलाई फिर्ता गर्ने परम्परालाई निरन्तरता दिँदै आएको बताए ।

उनले भने–"हामीले यो सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूलाई सातै प्रदेशमा समान रूपमा पुऱ्याउने प्रयास गरेका छौं, किनकि हाम्रो विश्वास छ– हामी जहाँ व्यापार गर्छौं, जहाँबाट नाफा कमाउँछौं, त्यहीं समाजप्रति हाम्रो सबैभन्दा ठूलो दायित्व पनि रहन्छ ।"

उनले बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मुलुकका ७७ वटै जिल्लामा रहेका आफ्ना शाखा कार्यलयमार्फत् शिक्षा, स्वास्थ्य, वातावरण, मानवीय सहायता, दिगो विकास लक्ष्य तथा बेलाबेलामा आइपर्ने विभिन्न दैविक प्रकोपहरुमा उद्दार तथा राहतमा विभिन्न कार्यक्रमहरु गर्दै आएको बताए ।

त्यसैगरी, तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्रा. डा. रुइटले नेपाली बैंकसँगको सहकार्यमा अवसर र चुनौति दुवै रहेको बताउँदै ग्लोबल आइएमई बैंकसँगको सहकार्यलाई दिगो हुने गरी काम गर्ने बताए ।

उनले आफूहरुले कुनै पनि कार्यक्रममा पारदर्शिता र चुस्त व्यवस्थापनमा जोड दिने गरेको पनि उल्लेख गरे ।

बैंकका प्रमुख कार्यकारी अधिकृत रेग्मीले नेपालकै ठूलो बैंक र तिलगंगाजस्तो प्रतिष्ठित संस्थाबिचको सहकार्यले बैंकलाई सामाजिक उत्तरदायित्वको कार्यक्रम सञ्चालन गर्न उत्साह मिलेको बताउँदै यस सहकार्यलाई आगामि दिनमा थप विस्तार गर्दै लैजाने जनाए ।

हस्ताक्षर समारोहमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल, बैंकका उच्च पदस्थ कर्मचारीलगायत प्रतिष्ठानका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरु प्राप्त गरिसकेको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५२ शाखा कार्यालय, ३७९ एटिएम, १४७ शाखा रहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान गैर नाफामुलक संस्थाको रुपमा सन् १९९२ मा दर्ता भई आँखा स्वास्थ्य सम्बन्धमा गुणस्तरीय सेवा, इन्ट्रा ओकुलर लेन्स उत्पादन, आँखा सम्बन्धि महत्वपूर्ण अनुसन्धानहरु, आँखा स्वास्थ्य सम्बन्धि शिक्षण, समुदाय आँखा कार्यक्रम तथा नेपाल आँखा बैंकमार्फत् नेपाल तथा विश्वस्तरमा विश्वसनीय आँखा स्वास्थ्य सेवा प्रदान गरिरहेको संस्था हो ।


## शुद्धोदन गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**शुद्धोदन गाउँपालिकाको विभिन्न सडकखण्डको मुख्य चोकहरुमा हाइ मास्ट लाइट जडान गरि सडक स्तरोन्नति/सुन्दरिकरण र पर्यटन प्रवर्धन कार्यको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मितिः २०८२/१२/११)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, शुद्धोदन गाउँपालिका द्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः शुद्धोदन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश ईमेलःsuddhodhanrmun@gmail.com,<br>वेबसाईटः https://suddhodhanmunrupandehi.gov.np/<br>फोन नं.: +०७१-४२३०४० |
| प्रस्तावको व्यहोरा | शुद्धोदन गाउँपालिका विभिन्न सडकखण्डको मुख्य चोकहरुमा हाइ मास्ट लाइट जडान गरि सडक स्तरोन्नति / सुन्दरिकरण कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | रुपन्देही जिल्ला, शुद्धोदन गाउँपालिका |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न शुद्धोदन गाउँपालिका, रुपन्देही सम्पूर्ण वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री शुद्धोदन गाउँपालिका, मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश<br>suddhodhanrmun@gmail.com, फोन नं. ०७१-४२३०४० |
| परामर्शदाताको नाम र ठेगाना | शुभ इन्जिनियरिंग कन्स्लट सर्भिसेस, बुटवल-०७ फोन नं. ९८४०६०००९३ |

## Marchawarimai Rural Municipality
### Office of the Rural Municipal Executive
Khaira, Rupandehi , Lumbini Province, Nepal

**Notice to Open Financial Bids**

Date of publication: 2082/12/11

1. Pursuant to Rule 31(E), Sub Rule 5 of Public Procurement Regulation 2064 (including amendments), this is hereby notified to all concerned bidders who bid as per notice dated on 2082/10/12 on www.bolpatra.gov.np, the list of successful bidders in technical proposal have been listed below. List of Successful Bidders

| SN. | Contract Id | Name of works | Name of Bidders | Remarks |
|---|---|---|---|---|
| 1. | MRM/RUP/ WORKS/ NCB/ 05/2082-83 | Construction of Administrative Building of Marchawarimai Rural Municipality, Khaira, Rupandehi | Rajan-Himalaya design JN, Rupandehi | |
| | | | REB-NBC-ACS-JV, Kathmandu | |
| | | | Kalika/S.B./Divya Shakti JV, Kathmandu | |
| | | | Chanyaswori Nirman Sewa Pvt. Ltd., Kathmandu | |
| | | | Deuti Bajai-Jecika Builders (JV), Kavre | |
| | | | Rangeli Nirman Sewa Pvt. Ltd., Kathmandu | |
| | | | Bajra Barahi and Aliza Nirman Joint Venture, Rupandehi | |

2. All the Qualified Bidders in technical Bids are therefore, notified to send their authorized representative for financial bid opening on Bids on 2082/12/18 at 13:00 PM in the Office of Marchawarimai Rural Municipality-03, Rupandehi.

**Chief Administrative Officer**

## श्री जानकी माध्यमिक विद्यालय
### महाराजगंज न.पा.१ कपिलवस्तु

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८२।१२।११**

उपरोक्त विषयमा शिक्षा विकास तथा समन्वय इकाइ कपिलवस्तुको च.नं. ५३७ मिति २०८२।१२।०५ को प्राप्त अनुमति पत्र तथा यस विद्यालयको वि.व्य.स.को मिति २०८२।१२।०६ गतेको निर्णयानुसार तपसील बमोजिम सिभिल इन्जिनियरिङतर्फ एक जना सहायक प्रशिक्षक (निम्न माध्यमिक तृतीय) को खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्नु परेकोले इच्छुक नेपाली नागरिकहरुबाट नियमानुसार दरखास्त आह्वान गरिन्छ ।

**तपसील**

१. विज्ञापन नं. : ००३ /२०८२/ ०८३
२. पद तथा श्रेणी नि.मा. तृतीय सहायक प्रशिक्षक सिभिल इन्जिनियरिङतर्फ
३. संख्या : १
४. न्युनतम शैक्षिक योग्यताः डिप्लोमा इन सिभिल इन्जिनियरिङ । माथिल्लो योग्यतालाई विशेष ग्राहयता दिइने
५. दरखास्त दस्तुर रु.१,०००/-
६. उमेर- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
७. परीक्षाको किसिम लिखित र मौखिक
८. दरखास्त दिने अन्तिम मिति : २०८२/१२/२३ अपरान्ह ४:०० बजे सम्म ।
९. सम्पर्क मिति २०८२।१२।२४ दिउँसो १२:००
१०. तलब भत्ताः निमयानुसार ।
११. दरखास्तसंग संलग्न गर्नुपर्ने कागजातहरु ।
क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि । (ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि । ग) अनुभव भए सो को प्रमाणित प्रतिलिपि ।
घ) नेपाल इन्जिनियरिङ काउन्सिलबाट प्राप्त अनुमति पत्रको प्रतिलिपि ।
सम्पर्क ९८४७१३३३९९, ९८११४६४१४७,९८०७५६४४७०

**प्रधानाध्यापक**
**श्री जानकी माध्यमिक विद्यालय महाराजगंज न.पा. – १, कपिलवस्तु**

## कपिलवस्तु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
तौलिहवा,कपिलवस्तु
लुम्बिनी प्रदेश नेपाल

**शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सुचना**

(प्रथम पटक प्रकासित मिति २०८२/१२/११(25th March,2026)

यस आ.व.मा सडक बोर्ड नेपाल कार्यक्रम अन्तर्गत तपसील बमोजिमका सडकहरुको मर्मत सम्भार कार्य शिलबन्दी दरभाउपत्रद्वारा गराउनुपर्ने भएकाले इजाजतप्राप्त इच्छुक निर्माण व्यवसायीहरूले रीतपूर्वकको शिलबन्दी दरभाउपत्र Public Procurement Monitoring Office(PPMO) को e-GP प्रणालीको वेबसाइट www.bolpatra.gov.np मार्फत पेश गर्न तथा उक्त दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि Public Entity Name: Kapilvastu Municipality, Office of the Municipal Executive प्रयोग गरी खोजी गर्नु हुन यो सुचना प्रकासित गरिएको छ ।

| क्र. सं | ठेक्का नं. | योजनाहरुको नाम | लागत अनुमान र कम (भ्याट र कन्टिनजेंसी बाहेक) | बोल कबोल जमानी रकम | नगद जमानी र कम जम्मा गर्ने खाता नं. | शिलबन्दी दरभाउपत्र र दस्तुर | दस्तुर जम्मा गर्ने खाता नं. | बिक्री तथा दर्ता गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | KM/082/ 083-12 | जमुवार नहर बर्गदवा महुवरिया ग्रावेल सडक मर्मत (चे.१+२६६ ~२+०७१कि.मी.) | 17,11,654.89 | ५०,०००.०० | Rastriya Banijya Bank, Taulihawa Barnch Sthaniya Taha Dharauti Khata No.3110100303000002 | 1,000 | Name of the Office: KAPILBASTU NA.PA.(GA-1-1)-AANTARIK Office Code no: 801054901 Office Account no: 3110100301010002 Revenue Code:G4 | २६ चैत्र,२०८६ (9th April,2026) 12:00 |
| २ | KM/082/ 083-13 | थुम्हवा चौराहा थुम्हवा सी एल सी ग्रावेल सडक मर्मत | 17,19,292.77 | | | | | |
| ३ | KM/082/ 083-14 | गोपालपुर बिजगौरी ग्रावेल सडक मर्मत(चे.०+५ ९८~१+३७६ कि.मी.) | 1,718,138.36 | | | | | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Gulmidarbar Rural Municipality
### Office of The Rural Municipal Executive
Gaundakot, Gulmi
Lumbini Province, Nepal

**INVITATION FOR ONLINE BIDS**

Date of First Publication: 25th March, 2026 (11th Chaitra, 2082)

1. Gulmidarbar Rural Municipality, Office of the Rural Municipal Executive, Gaundakot, Gulmi invites electronics bids from eligible bidders for the Procurement of contracts mentioned below.

| Contract ID | Name of Project | Estimated Amount (with VAT & PS) | Bid Docu-ment Fee (NRs.) | Bid Security (NRs.) | Bid Opening Date |
|---|---|---|---|---|---|
| GDRM/SQ/ W-31/2082-083 | Upgrading of Kudapani Machpokhari Road. Gulmidarbar Rural Municipality-06,Gulmi | 1,668,872.46 | 1,000 | 42,000 | 9thApril, 2026 |
| GDRM/SQ/ W-32/2082-083 | Balithum Health Center Repair and Truss Construction, Gulmidarbar-01, Gulmi | 873,106.80 | 1,000 | 22,500 | 9th April, 2026 |

2. Bidders can get further information from Office of Gulmidarbar Rural Municipality, Gaudakot-03, Gulmi. (Phone No.9857067912, 9857085214 Website: www.gulmidarbarmun.gov.np) during office hours or visit PPMO's website: www.bolpatra.gov.np/egp.
3. Any amendment in the Notice will be published in the notice board at Office or visit PPMO's website: www.bolpatra.gov.np/egp.The Employer/Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## तिलोत्तमा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कुञ्जलापुर,मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**सिलबन्दी प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**सूचना नं. ०१/२०८२/२०८३ विविध**
**प्रथम पटक प्रकाशित मितिः २०८२।१२।११**

यस नगरपालिकामा रहेको क्यान्टिन (चमेना गृह) सञ्चालन सिलबन्दी प्रस्तावद्वारा गराउनुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक फर्म/होटलबाट निम्न शर्तको अधिनमा रही सिलबन्दी प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :–**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) एन.आई.सी. एसिया बैक मणिग्राम शाखा स्थित 1052055499599012 मा जम्मा गरी फर्म नवीकरण भएको इजाजतपत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपि आवश्यक कागजात संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले ७ (सातौ) दिन कार्यालय समयसम्म राजस्व शाखाबाट प्रस्ताव फारम खरिद गर्न सकिनेछ ।
२. खरिद गरेको दरभाउपत्र फाराम नियम अनुसार कामको विवरण, प्रस्ताव दाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी सूचना प्रकाशित भएको ८ आठौं दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका प्रस्ताव सोही दिनको २:०० बजे प्रस्ताव दाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । प्रस्ताव दाता वा निजको प्रतिनिधि उपस्थित नभए ता पनि खोल्न कुनै बाधा पर्ने छैन । प्रस्ताव खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा क्रमशः सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा खरिद, दाखिला र खोल्ने कार्य हुने छ ।
५ प्रस्ताव शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनु पर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत र छाप भएको हुनु पर्ने छ ।
६. समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको प्रस्तावमाथि कुनै कारवाही हुने छैन । क्यान्टिन सञ्चालनको अबधी सम्झौता मितिले ३ बर्षको हुनेछ । ३ वर्षसछि समयमा प्रस्ताब पुन आह्वान नभएसम्म सोही दररेटमा समान उपलब्ध गराउनु पर्ने छ ।
७. प्रस्तावमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।
८. प्रस्ताव दर्ता गर्नु अगावै क्यान्टिन सञ्चालन सम्बन्धित आवश्यक जानकारी लिन सकिने छ । फर्म अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर भ्याटमा दर्ता भएको हुनुपर्ने छ ।
९. प्रस्ताव को डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन । एकमात्र प्रस्ताव दर्ता भएता पनि कार्यालययलाई स्विकृत गर्न बाधा पर्ने छैन ।
१०. प्राप्त सिलबन्दी प्रस्तावपत्र स्वीकृत गर्ने वानगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।
११. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्बजनिक खरीद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

तपसिल

| सि.नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | प्रस्तावपत्र दस्तुर रु. |
|---|---|---|---|
| १ | ०१/२०८२/२०८३ विविध | क्यान्टिन सञ्चालन (चमेना गृह) (कार्यालय परिसर ) | १०००,००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रथम बटौली कप:**

# बुद्ध स्पोर्टिङ र प्रोफेसनललाई सफलता







भैरहवा । प्रथम बटौली कप-२०८२ टी-२० क्रिकेट प्रतियोगिता मंगलबारका दुई खेलमा बुद्ध स्पोर्टिङ क्लब र प्रोफेसनल मास्टर्स-११ ले सफलता हात पारेका छन् । बुद्ध स्पोर्टिङले बुटवल-११ लाई ५२ रन र प्रोफेसनलले जेएन स्पोर्टस् गोरखपुरलाई ४६ रनले पराजित गर्दै जित हात पारेका हुन् ।

पृथ्वीनारायण शाह स्पोर्टस् प्रतिष्ठानको आयोजना, रुपन्देही क्रिकेट संघको व्यवस्थापन र बुटवल उप-महानगरपालिकाको सहयोगमा भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस जितेर ब्याटिङ गरेको बुद्ध स्पोर्टिङले ६ विकेट गुमाएर १ सय ८१ रन बनायो । उसका लागि अजित यादवले अविजित ६०, अमित अग्रहरीले ३३, सुभाष यादवले नटआउट २२, सुरज पौडेलले १३ र अनिल यादवले १० रन बनाए । बलिङमा बुटवल-११ का विभेष खातीले २ तथा सुदन श्रेष्ठ, सन्देश ज्ञवाली र आश्विन भट्टराईले १-१ विकेट हात पारे ।

जवाफमा बुटवल-११ ले ६ विकेट गुमाएर १ सय २९ रन मात्रै बनायो । उसका लागि प्रवेश सारुले २७, रोहितकुमार पासवानले २५, युवराज सेन र शिवकुमार मौर्यले समान १६-१६ तथा आकाश अर्यालले १२ रन जोडे पनि जितका लागि पर्याप्त भएन ।

बलिङमा बुद्ध स्पोर्टिङका सुरज गुरुङ र अजय त्रिपाठीले २-२ तथा प्रवेज अन्सारी र अमित अग्रहरीले १-१ विकेट लिए । खेलमा अजित यादव प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको प्रोफेसनलले ९ विकेट गुमाएर १ सय १० रन बनायो । उसका लागि मनन खानले २७, कृष्ण कार्कीले २५, आरिफ अहमदले अविजित १७ र विष्णु कटरियाले १० रन बनाए । बलिङमा जेएनका विशाल त्रिपाठीले ३ तथा प्रशान्त, विवेक, जावेद आलम र आयुष पाण्डेले १-१ विकेट लिए ।

प्रतिउत्तरमा जेएन १२ ओभर ४ बलमा अलआउट हुँदै ६४ रनमै समेटियो । उसलाई सस्तैमा रोक्न बलिङमा प्रोफेसनलका विष्णु कटरियाले ३, कृष्ण पराजुलीले २ तथा निरज मौर्य, कृष्ण कार्की, करण यादव र जयप्रताप यादवले १-१ विकेट लिए । जेएनका विवेकले २२, विशाल त्रिपाठीले १५ र जावेद आलमले १० रन बनाए । खेलमा विष्णु कटरिया प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

चैत्र १५ गतेसम्म चल्ने प्रतियोगितामा नेपाल र भारतका गरी १६ टीम सहभागी छन् । आयोजकका अनुसार प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, उप-विजेताले नगद २५ हजारसहित मेडल, म्यान अफ द सिरिजले ट्रफी र १० हजार, बेष्ट बलर र ब्याटरले ट्रफी र जनही ५ हजार तथा प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# मासु व्यवसायी संघको अध्यक्षमा पुनः थापा



बुटवल । मासु व्यवसायी संघ नेपाल रुपन्देहीको अध्यक्षमा विशाल थापा निर्वाचित भएका छन् । संघको आठौं अधिवेशनबाट थापासहित सबै पदाधिकारी र कार्यसमिति सदस्यहरु दुई वर्षे कार्यकालका लागि निर्विरोध निर्वाचित भएका हुन् । संघको वरिष्ठ उपाध्यक्षमा रशनबहादुर खत्री, खुल्ला उपाध्यक्षमा सुनिता थापा क्षेत्री, उपाध्यक्षहरूमा अहमद हुसेन र ऋषिराम राई भाट (रानाभाट), महासचिवमा थानिश्वर सुवेदी , सचिवमा विष्णुबहादुर जिसी, कोषाध्यक्षमा लक्ष्मणप्रसाद श्रेष्ठ, सह-कोषाध्यक्षमा बिमा थापा निर्वाचित भएका छन् । यस्तै कार्यसमिति सदस्यहरुमा दामोदर पौडेल, कृष्णप्रसाद अधिकारी सन्तोष थापा, हुमलाल पन्थी रतनसिंह थापा गनकुमारी राणा देवी खत्री, बिमला थापा, वेदप्रसाद काफ्ले, अलि हसन, अशोक पौडेल, मोहम्मद भाट र ओमबहादुर थापा निर्वाचित भएको निर्वाचन समितिका प्रमुख अधिवक्ता दामोदर घिमिरेले जानकारी दिए ।

नवनिर्वाचित कार्यसमितिले सोमबार नै सपथग्रहण गरेका छन् । नवनिर्वाचित अध्यक्ष विशाल थापाले व्यवसायीका हकहितका पक्षमा र समस्या पर्दा आफू र सिंगो कार्य समिति दिन रात नभनी खटिने र दुई वर्षे कार्यकालमा उत्पादन विभाग गठनलगायत केही नमूना कामहरु गर्ने प्रतिबद्धता जनाए ।

# नेपालमा फेरि देखियो बर्डफ्लु

बुटवल । झापाको दमक नगरपालिका र झापा गाउँपालिकामा व्यावसायिक रूपमा पालिएका कुखुरामा 'बर्ड फ्लु' देखापरेको छ । बर्ड फ्लु देखिएपछि जिल्ला प्रशासन कार्यालयले उच्च सतर्कता अपनाउन सार्वजनिक सूचना जारी गरेको छ ।

प्रशासनले मंगलबार एक सूचना जारी गर्दै रोग पुष्टि भएको क्षेत्रलाई केन्द्रविन्दु मानी चारै दिशामा सङ्कटग्रस्त क्षेत्र घोषणा गरेर नियन्त्रणका काम अघि बढाएको जनाएको छ ।

निमित्त प्रमुख जिल्ला अधिकारी तेजप्रसाद प्रसाईंद्वारा जारी सूचनामा सङ्क्रमण थप फैलिन नदिन प्रभावित स्थानीय तहहरूबाट पक्षी, अण्डा, दाना र अन्य पक्षीजन्य सामग्री अन्यत्र लैजान पूर्णरूपमा रोक लगाइएको उल्लेख छ ।

भेटेरिनरी अस्पताल झापाकी प्रमुख शीतल भट्टराईका अनुसार दमक नगरपालिका-१० स्थित एग्रिकल्चर फार्ममा पालिएका लेयर्स कुखुरामा 'हाइप्याथोजेनिक' बर्डफ्लु पुष्टि भएको छ । सङ्क्रमण देखिएलगत्तै उक्त फार्मका सबै कुखुराहरू सोमबार नै नष्ट गरिसकिएको उनले बताए ।

दमक, झापा गाउँपालिका मात्र नभई जिल्लाका मेचीनगर र अर्जुनधारा नगरपालिकालगायतका क्षेत्रबाट पनि कुखुरा मरिरहेको सूचना प्राप्त भएकाले जोखिम बढेको अनुमान गरिएको छ ।

प्रमुख भट्टराईले किसानले ल्याएका नमूनाका प्रारम्भिक 'र्‍यापिड टेस्ट' गर्दा 'रिपोर्ट पोजेटिभ' देखिएको र थप प्राविधिक पुष्टिका लागि केन्द्रीय प्रयोगशालामा पठाएर पिसिआर परीक्षण प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

झापासँगै छिमेकी जिल्ला मोरङ र सुनसरीमा समेत यो रोग फैलिएकाले झापा बर्डफ्लुको उच्च जोखिममा रहेको उनले बताए ।

# रामनवमीको अवसरमा ढाक्रेबासमा धार्मिक कार्यक्रम

**अविजित पन्थी**
*अर्घाखाँची*

पाणिनी गाउँपालिका वडा नं.७ अन्तर्गत साविक अड्गुडी गाविस ढाक्रेबासमा अवस्थित श्री शिवलय तथा जय सन्तोषी माता मन्दिरमा आगामी चैत्र १३ गते रामनवमीको अवसर पारेर भव्य धार्मिक कार्यक्रम आयोजना हुने भएको छ । रामनवमीका दिन मन्दिरको शिलालेख अनावरण, समुद्घाटन तथा २४ घण्टे अखण्ड भजन-कीर्तन कार्यक्रम सञ्चालन गरिने आयोजकले जनाएको छ ।

स्थानीय धार्मिक आस्था, परम्परा र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको उक्त कार्यक्रमले गाउँमा आध्यात्मिक वातावरण अझ सुदृढ बनाउने विश्वास गरिएको छ । विशेषगरी पछिल्लो समय युवापुस्तामा धार्मिक तथा सांस्कृतिक गतिविधिप्रति बढ्दो आकर्षण देखिँदै गएको सन्दर्भमा यस कार्यक्रमले नयाँ ऊर्जा थप्ने अपेक्षा गरिएको छ ।

पाणिनी सातमा रहेको भजन मण्डली समूहले विगतदेखि नै प्रत्येक एकादशीका दिन भक्तजनहरूको मागअनुसार घर-घरमा पुगेर भजन-कीर्तन गर्दै आएको छ । यसले गाउँमा धार्मिक जागरणसँगै सामाजिक सद्भाव र एकताको भावना बलियो बनाउँदै आएको छ । भजन मण्डलीका अध्यक्ष माधवप्रसाद पोखरेलले भने-"भजन-कीर्तनको निरन्तरता मात्र होइन, यसलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नु अहिलेको आवश्यकता हो, त्यसैले युवाहरूलाई पनि सक्रिय रूपमा सहभागी गराउँदै आएका छौं ।"

वडा कार्यालयको पहलमा भजन मण्डलीलाई सशक्त बनाउन पहिलो वर्ष बाद्यवादन सामग्रीका लागि बजेट विनियोजन गरी हस्तान्तरण गरिएको थियो भने दोस्रो वर्ष राष्ट्रिय पोशाक व्यवस्थापनका लागि लागत साझेदारीमा कार्यक्रम सम्पन्न गरिएको थियो । यसले भजन मण्डलीलाई थप व्यवस्थित र आकर्षक बनाएको छ । सांस्कृतिक कुराहरूमा थप प्रोत्साहन भएको छ ।

यसै सन्दर्भमा वडा नं.७ का वडाध्यक्ष गुणाखर अधिकारीले धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा वडाको प्रतिबद्धता दोहोर्‍याउँदै लुम्बिनी राष्ट्रिय दैनिकसँग भने-"हाम्रो वडामा रहेका विभिन्न धार्मिक स्थलहरू केवल आस्थाका केन्द्र मात्र होइनन्, सामाजिक एकता र संस्कारका आधार पनि हुन् ।

भजन-कीर्तनजस्ता कार्यक्रमले समाजलाई थल सकारात्मक दिशातर्फ लैजान्छन् । आगामी दिनमा पनि यस्ता गतिविधिलाई निरन्तर सहयोग रहनेछ ।"

मन्दिर व्यवस्थापन समितिका अध्यक्ष रेणु प्रसाद अधिकारीले कार्यक्रमलाई भव्य रूपमा सफल बनाउन तयारी तीव्र पारिएको जानकारी दिँदै सम्पूर्ण श्रद्धालु भक्तजनलाई कार्यक्रममा सहभागी हुन आग्रह गरेका छन् ।


## सैनामैना नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही, लुम्बिनी प्रदेश

## मोटरसाइकल खरीद गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकासित मितिः २०८२।१२।११

यस कार्यालयको लागि आवश्यक पर्ने देहाय बमोजिमको मोटरसाइकल सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा (१) क (८) तथा सार्वजनीक खरीद नियमावली, २०६४(चौथो संशोधन २०७३) को नियम ३१ ख वमोजिम मोटरसाइकल उत्पादक कम्पनी वा सोको अधिकारीक बिक्रेताहरु वीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिवाट खरीद गर्नुपर्ने भएकोल सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ३१ ख को उपनियम २ अनुसार देहाय वमोजिमको मोटरसाइकल विक्री गर्न चाहने उत्पादक वा अधिकारीक विक्रेताले आआफनो उत्पादनको अधिकारीक स्पेशिफिकेसन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण (क्याटलग/ ब्रोसर) संलग्न राखी यो सूचना प्रकासित भएको मितिले ७ (सात) दिन भित्र यस नगरपालिकाको कार्यालयमा निवेदन दर्ता गर्नुहुन सम्वन्धित उत्पादक कम्पनी वा सो को अधिकारीक विक्रेताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक मोटरसाइकलको विवरण**

| Catalogue No. | Type | Requirement (General Specification) | Number |
|---|---|---|---|
| SM-CS-01-082-83 | Motorcycle of Engine Displacement of 150±2% cc | A Motorcycle of engine displacement 150±2% cc, single cylinder, four strokes petrol engine developing maximum power output not less than 12 Ps and maximum torque not less than 12Nm, Wet weight shall not be less than 130kg, Front Brake: Disc & Rear Brake: Drum/ Disc, suspension with telescopic shock absorber, Minimum ground clearance of 160mm, electric and kick starting with all essential accessories including a helmet and leg guard. Transmission of minimum five speed, Minimum 1-year warranty. | Four |

## जिल्ला प्रशासन कार्यालय,
नवलपरासी (ब.स.पू.)
बढुवा समितिको सचिवालय

## जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८२/१२/११

लोक सेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरीको सूचना नं. ९८३/०८२-८३ अनुसार नेपाल इन्जिनियरिङ्ग सेवा, सर्भे समूह, रा.प.अनं. प्रथम श्रेणी (प्राविधिक), सर्भेक्षक पदको लागि हुने बढुवाको लागि मिति २०८२/१२/१० गते बसेको बढुवा समितिले देहायका उम्मेदारलाई बढुवा सिफारिस गर्ने निर्णय गरेकोले निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा २४(च) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको योग्यताक्रम (बढुवा सूचना नं.२९८/०८२-०८३)

| क्र.स. | संकेत नम्बर | उम्मेदवारको नाम, थर | कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | 202040 | गणेश भट्टराई | नापी कार्यालय, कावासोती, नवलपरासी (ब.सु.पू.) | |

## वन पैदावार लिलाम विक्रि सम्बन्धि सुचना ।

प्रथम पटक प्रकाशन मिति :२०८२/१२/११

डिभिजन वन कार्यालयको च. नं. १६६८ मिति २०८२/१२/०६ गतेको लिलाम सहमति अनुसार यस सा.व.उ.स. को स्वीकृत कार्ययोजना अनुसार चालु आ.व. मा उत्पादन भइ सुनवल-४, दामोदरकुण्डमा घाटगद्दी भएको साल र अन्य जातका गोलिया १४५७ को १०३२७.४९ क्यु. फी. काठ समूह बाहिर लिलाम बिक्रि गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२औं दिनमा क्ष सिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस संबन्धित विस्तृत जानकारीका लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्नु हुन् अनुरोध छ ।

**श्री मुलपानी सामुदायिक वन उपभोक्ता समूह**
सुनवल-४ दामोदरकुण्ड सम्पर्क नं. ९८५७०४५२५७







## वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात ।

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि
- म्यान पावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि
- विमा गराएको कागजको प्रतिलिपि
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण ।

**वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन् ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com